संघीय संसद

# राष्ट्रिय सभा

चौथो अधिवेशन

## बैठक - ४३

२०७६ भदौ २५ गते बुधबार (दोस्रो बैठक)

अपरान्ह ३:३० बजे

## दैनिक कार्यसूची

### व्यवस्थापन कार्य

१. राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयालले राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएको "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देशको जानकारी सभा समक्ष दिनु हुने ।

२. माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

### शोक प्रस्ताव

३. सम्माननीय अध्यक्षले निम्न लिखित प्रस्ताव प्रस्तुत गर्नुहुने :-

"वि.स. २०६४ सालको संविधानसभा सदस्य छियामा राईको वि.स. २००० साल माघ १७ गते जन्म भई मिति २०७६ साल भदौ १० गते मंगलबारका दिन उपचारका क्रममा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्व. राई राष्ट्रिय जनमुक्ति पार्टीको तर्फबाट संविधानसभा सदस्य हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव